नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
दुङ्गे, नुवाकोट

फोन नं.: ०१०-५६०२१६, ०१०-५६१८
इमेल : pmamp.piu.nuwakot@gmail.com
वेबसाइट: piunuwakot.pmamp.gov.np

प.सं. २०८१/८२
सू.नं. 6

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नुवाकोट र रसुवा जिल्लामा संचालन हुने विभिन्न कार्यक्रम संचालनका लागि सुचीकृत हुन एवं कार्यक्रम माग सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१९ गते**

आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोट अन्तर्गत नुवाकोट र रसुवा जिल्लाका तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले कार्यक्रममा सहभागी हुन इच्छुक कृषि समुह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित मिति २०८१/०६/०८ गते(२१ दिन) भित्र यस परियोजना कार्यान्वयन एकाइ, दुङ्गे, नुवाकोटमा तोकिएको ढाँचा अनुसार सूचिकृत हुने र कार्यक्रम माग गर्ने आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०१०-५६०२१६, ०१०-५६०४००, ९८५११०५८५६, ९८४३४७९५२२,९८४०८८४०५३ मा सम्पर्क राख्न हुन अनुरोध छ।

**तपशिल:**

| क्र.स. | स्वीकृत कार्यक्रम | एकाइ | लक्ष्य | स्वीकृत बजेट (रु. लाखमा) | आबेदन दिन तोकिएका क्षेत्र | अनुदान प्रतिशत (बढिमा) |
|---|---|---|---|---|---|---|
| १ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार ( पुँजिगत) | संख्या | २० | ५० | धान जोन / तरकारी जोन (नयाँ ) नुवाकोट र आलु जोन रसुवाका सूचिकृत कृषक संस्था | ८५ |
| २ | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | ३० | २.५५ | नुवाकोट जिल्ला भरीका चैते धान क्षेत्र बिस्तारका लागि सूचिकृत कृषक संस्था (कम्तिमा १०० रोपनीको चक्लाबन्दी भएको जग्गा/जमिनमा खेती विस्तार गर्ने गरी सो को स्वामित्व खुल्ने कागजात पेश गरेका लाई प्राथमिकता दिइने ) | ५० |
| ३ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ७ | १०.५ | नुवाकोट जिल्ला भरीका चैते धान क्षेत्र बिस्तारका लागि सूचिकृत कृषक संस्था | ८५ |
| ४ | व्यवासायिक प्याज प्रबर्द्धन कार्यक्रम | पटक | ४ | १७ | नुवाकोट जिल्ला भरीका तरकारी क्षेत्रहरुका सूचिकृत कृषक संस्था (कम्तिमा १० रोपनीको चक्लाबन्दी भएको जग्गा/जमिनमा खेती गर्ने गरी सो को स्वामित्व खुल्ने कागजात पेश गरेकालाई प्राथमिकता दिइने ) | ५० |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१.रु. १० को टिकट टाँस गरेको आवेदन फारम
२.सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३.संस्थाको आ.ब. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (सम्झौताको समयमा आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने )
४.संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
५.कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा
६.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
७.समुह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि (सूचिकृत हुने र कार्यक्रम माग गर्ने निर्णय )

***नोट:*** *कार्यालयले तयार गरेको कार्यक्रम मागको आवेदन फाराम र तथ्याङ्क फाराम परियोजना कार्यान्वयन एकाइ दुङ्गे नुवाकोट वा सम्पर्क कार्यालय, छहरे वा यस कार्यालयको वेबसाइट www.piunuwakot.pmamp.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।*

होमनाथ लम्साल
वरिष्ठ कृषि अधिकृत